नेपाल पुलिस स्कुल, साँगा, काभ्रेपलाञ्चोक
Nepal Police School
(Run by Nepal Police Welfare Fund)

Sanga, Banepa Municipality-13
Kavrepalanchok, Nepal
Ph: 977-11-661301, 664670, 663495
Email: npssanga_admin@nepalpolice.gov.np
Web: www.nps.edu.np

मिति :– २०८१।१२।१४ गते।

**शैक्षिक सत्र २०८२ का लागि**
**"नेपाल प्रहरी श्रीमती संघ छात्रवृत्ति अक्षयकोष"**
**वितरण सम्बन्धी सुचना !!!**

**आदरणीय अभिभावकज्यूहरू नमस्कार।**

"नेपाल प्रहरी श्रीमती संघ छात्रवृत्ति अक्षयकोष-२०८१" अन्तर्गत नेपाल पुलिस स्कुल, साँगा र नेपाल प्रहरी श्रीमती संघका तर्फबाट नेपाल प्रहरीमा कार्यरत रही कर्तव्यपालनाको सिलसिलामा घाइते भई पुनः काममा फर्किन नसक्ने घाईते तथा अशक्त प्रहरी, वीरगती प्राप्त गर्नु भएका अमर प्रहरी, बहालवाला प्रहरी र पूर्व प्रहरीहरू (प्र.का.स. देखि प्र.ब.ना.नि.दर्जासम्म) ले राष्ट्रको लागि गर्नु भएको योगदानको उच्च कदर गर्दै न्यून आर्थिक अवस्था भएका प्रहरी कर्मचारी तथा परिवारहरूको मनोवल उच्च राख्न प्रोत्साहन स्वरूप निजहरूको नेपाल पुलिस स्कुल, साँगामा अध्ययनरत सन्ततीहरू मध्ये **३ जनालाई शैक्षिक सत्र २०८२ देखि पूर्ण छात्रवृत्ति** वितरण गरिने भएको हुँदा निम्नानुसार शर्त पूरा हुने सम्बन्धित इच्छुक अभिभावकज्यूहरूबाट मिति २०८२।०१।११ गतेभित्र दरखास्त आह्वान गरिएको छ।

**निम्नः-**

१) "नेपाल प्रहरी श्रीमती संघ अक्षयकोष छात्रवृत्ति" नेपाल पुलिस स्कुल साँगामा अध्ययनरत नेपाल प्रहरीका कर्तव्यपालनाको सिलसिलामा गम्भिर घाइते तथा बिरामी भई नेपाल प्रहरी अस्पताल तथा अन्य सरकारी अस्पतालमा निरन्तर उपचाररत रहेका तथा उपचार पश्चात् पनि पुनः डिउटीमा फर्कन नसक्ने घाईते,अशक्त एवम् न्यून आर्थिक अवस्था भएका बहालवाला प्रहरी कर्मचारीका सन्ततिहरू र घाइते, अशक्त तथा अमर प्रहरीका सन्तति नभएमा बहालवाला तथा पूर्व प्रहरी कर्मचारीका (प्र.का.स.देखि प्र.ब.ना.नि.दर्जा सम्म) न्यून आर्थिक अवस्था भएका सन्ततीहरूलाई प्राथमिकताका आधारमा छात्रवृत्ति प्रदान गरिने छ।

२) शैक्षिक सत्र २०८१ को वार्षिक परीक्षामा सम्पूर्ण विषयमा उत्तिर्ण भएको जेहेन्दार छात्र/छात्राहरू मध्ये उत्कृष्टलाई मात्र यो छात्रवृत्ति प्रदान गरिने छ।

३) माथिका शर्तहरू पूरा हुने र सो छात्रवृत्ति स्वीकार गर्न इच्छुक अभिभावकज्यूहरूले निम्न कागजपत्रहरू सहित विद्यालयको शैक्षिक प्रशासन शाखामा मिति २०८२।०१।११ गतेभित्र निवेदन पेश गर्नु पर्नेछ।

(क) वार्षिक परीक्षाको लव्धाङ्कपत्रको प्रतिलिपी।

(ख) घाईते तथा अशक्त प्रहरी, वीरगती प्राप्त गर्नु भएका अमर प्रहरी, बहालवाला प्रहरी र पूर्व प्रहरीहरूले सम्बन्धित प्रहरी कार्यालयबाट प्रमाणितपत्र।

(ग) सम्बन्धित स्थानिय निकायबाट आर्थिक अवस्था कमजोर रहेको सिफारिस पत्र।

**धन्यवाद।**

प्राचार्य
मोहन पौडेल

**थप बुझ्नका लागिः-**
शैक्षिक प्रशासन शाखाः- ०११-६६४६७०